## एनएमबि बैंक लिमिटेडको
## बीसौं वार्षिक साधारण सभाको विवरण

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०७२/०९/२६ गते बसेको सञ्चालक समितिको ३०३ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बोलाईएको बीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा सम्पन्न भयो । सभासम्बन्धी विस्तृत विवरण यस प्रकार छ ।

सभा भएको मिति : २०७२ साल फागुण महिना ३ गते, सोमबार (तदनुसार फेब्रुअरी १५, २०१६)

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) को हल, जावलाखेल, ललितपुर ।

समय : बिहान १०:०० बजे

२. **उपस्थिति :**

(अ) **सञ्चालकहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | – | अध्यक्ष (संस्थापक शेयरधनीको तर्फबाट) |
| (२) | श्री नन्द किशोर राठी | | सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट) |
| (३) | श्री राजेन्द्र काफ्ले | – | सञ्चालक (संस्थापक शेयरधनी कर्मचारी संचयकोषको तर्फबाट) |
| (४) | श्री रोमणी प्रसाद पाठक | – | सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट) |
| (५) | श्री एलविन बि कुल | – | सञ्चालक (संस्थापक शेयरधनी एफएमओको तर्फबाट) |
| (६) | श्री हरिश्चन्द्र सुवेदी | – | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (७) | श्री कमलेश कुमार अग्रवाल | – | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (८) | श्री नेपाल भूषण चन्द | | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (९) | श्री जीवनमान जोशी | – | बिशेषज्ञ सञ्चालक |

(आ) **आमन्त्रित प्रतिनिधिहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री खेमराज खत्री | – | कम्पनी रजिष्ट्रारको कार्यालय |
| (२) | श्री कृष्ण प्रसाद शर्मा | – | कर्मचारी सञ्चय कोष |
| (३) | श्री भरत अर्याल | – | नेपाल धितोपत्र बोर्ड |
| (४) | श्री राज कुमार कार्की | – | ल प्रैक्टिसनर्स अफिस (प्रा.) लि. (कानूनी सल्लाहकार) |
| (५) | श्री सविन कुमार यादव | – | प्रतिनिधि, टि. आर. उपाध्या एण्ड कं. (वाह्य लेखापरीक्षक) |

(इ) **पदाधिकारीहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री उपेन्द्र पौडेल | – | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री सुनिल के.सी. | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| (३) | श्री प्रदीप प्रधान | – | प्रमुख सुचना अधिकृत |
| (४) | श्री सरदतेगि तुलाधर | – | प्रमुख, जोखिम |
| (५) | श्री विजय गिरी | – | प्रमुख, तालिम तथा सेवा प्रभावकारीता निरिक्षण |
| (६) | श्री शवनम लिम्बु | – | प्रमुख, मानव संसाधन र प्रशासन |
| (७) | श्री प्रमोद कुमार दाहाल | – | प्रमुख, अनुपालन तथा कम्पनी सचिव |

(ई) शेयरधनीहरू

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | २०७ | १२९९ | १५०६ |

३. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. बीसौं वार्षिक साधारण सभामा सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७१/०७२ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने (साविक एनएमबि बैंक लि., क्लिन इनर्जी डेभलपमेन्ट बैंक लि., भृकुटी डेभलपमेन्ट बैंक लि., पाथिभरा विकास बैंक लि. र प्रुडेन्सियल फाइनान्स कम्पनी लि. समेतको),

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. ०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

४. तत्कालिन क्लिन इनर्जी डेभलपमेन्ट बैंक लि., भृकुटी डेभलपमेन्ट बैंक लि., पाथिभरा विकास बैंक लि. र प्रुडेन्सियल फाइनान्स कम्पनी लि.को आ.व. २०७२/०७३ को असोज मसान्तसम्मको लेखा परीक्षण गर्नका लागि भएको लेखा परीक्षकको नियूक्तीलाई अनुमोदन गर्ने,

५. सञ्चालक समितिबाट पारित भए बमोजिम बोनस शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ (शुन्य दशमलव बयालीस प्रतिशत) का दरले नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको अधिकृत पुंजी रु.५,००,००,००,०००/- (अक्षेरेपि पाँच अरव मात्र) बाट बृद्धि गरी रु.८,००,००,००,०००/- (अक्षेरेपि आठ अरब मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको बर्तमान चुक्ता पुँजीको ८ प्रतिशतको अनुपातमा बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने,

३. बोनश शेयर जारी गरेको कारणले बैंकको वर्तमान जारी तथा चुक्ता पुँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पुँजी बृद्धि गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृति प्रदान गर्ने,

४. नेपाल राष्ट्र बैंकबाट गाभ्ने/गाभिने अन्तिम स्वीकृति दिंदाका बखत तोके बमोजिम यस बैंकमा शेयर लगानी गर्ने विदेशी वित्तीय संस्था Nederlandse Financierings-Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO) ले बैंकको चुक्ता पुँजीको कम्तिमा २० प्रतिशत शेयर लगानी बृद्धि गर्नुपर्ने भएकाले उक्त संस्थाको शेयर स्वामित्व बृद्धि गर्नका लागि उक्त संस्थाको हकमा सञ्चालक समितिले तोके बमोजिमको परिमाणमा नयाँ शेयर निष्काशन (Further issue) गर्न स्वीकृति प्रदान गर्ने,

५. FMO को हकमा नयाँ शेयर जारी गर्नका लागि मुल्य (प्रिमियम सहितको) तय गर्ने, उक्त संस्थाले लिने शेयरको परिमाण तय गर्ने तथा सोका लागि कुनै सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर गर्नुपर्ने भएमा त्यस्तो सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर गर्ने लगायत यस सम्बन्धमा जो जे गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने,



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

६. FMO को हकमा नयाँ शेयर निष्काशन (Further issue) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पुँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने र नयाँ शेयर जारी भएमा बैंकको संस्थापक समूहको स्वामित्व प्रतिशत समेत बृद्धि हुने भएकाले सोही बमोजिम बृद्धि गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने,

७. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशन अनुसार बैंकको संचालक समितिका अध्यक्ष तथा संचालक र कार्यकारी प्रमुख लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने गरि सम्बन्धित संस्थाले आफ्नो नियमावलीमा संशोधन गर्नुपर्ने व्यवस्था भए बमोजिम सोही अनुसार नियमावलीमा संशोधन गर्नका लागि स्वीकृति प्रदान गर्ने,

८. सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने र सोही अनुसार नियमावलीमा संशोधन गर्नका लागि स्वीकृति प्रदान गर्ने,

९. प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी दिने,

(ग) विविध

(घ) निर्वाचन सम्बन्धमा :

१. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना तथा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना गरी ८ जना सञ्चालकहरुको निर्वाचन गर्ने,

## ४. सभाको वैधानिकता :

यस बैंकको बीसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

### (क) सभाको बारेमा सार्वजनिक सूचना

१. यस बैंकको बीसौं वार्षिक साधारण सभाको निम्ति सो सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरू बारेको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरूको जानकारीकालागि निजहरूले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाईएको तथा सो बारेको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुई पटक (२०७२/१०/०८ गते र २०७२/१०/२० गते) प्रकाशित गरिएको । साथै वार्षिक प्रतिवेदन प्राप्त हुन नसकेका शेयरधनीहरूले उक्त प्रतिवेदन बैंकको बबरमहल स्थित प्रधान कार्यालयबाट प्राप्त गर्न सक्ने र उक्त प्रतिवेदन शेयरधनीहरूको सुविधाको लागि बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको कुरा साधारण सभामा जानकारी गराउनु भयो ।

२. यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न आज मिति २०७२/११/३ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा १५०६ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको शेयर संख्याको ६४.३८ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाइ सकेको हुँदा यस साधारण सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

ख) **गणपूरक संख्या**

यस साधारण सभा प्रयोजनकोलागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७२/१०/१२ गतेका दिनमा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ४२२ | ६०८४५ | ६१२६७ |
| | शेयर | २,१४,३९,०२५.०४ | २,०१,०६,५६८.१६ | ४,१५,४५,५९३.२० |

बैंकका शेयरधनीहरूको स्वयं तथा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयरधनी संख्या | २०७ | १२९९ | १५०६ |
| | शेयर | १९४२५५०६ | ७३२२१२९ | २६७४७६३५ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ९०.६१ | ३६.४२ | ६४.३९ |

उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिंदै कानून बमोजिम बोलाइएको सभामा कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनकोलागि आवश्यक गणपूरक संख्या पुरा भई सभामा पेश भएका प्रस्तावहरूमा छलफल गर्न मञ्जुर भएकाले कम्पनी सचिवले सभाको प्रकृया अगाडी बढाउनु भयो ।

५. **सभाको सभापतित्व :**

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात सभापति महोदयले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **बीसौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७१/०७२ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(साविक एनएमबि बैंक लि., क्लिन इनर्जी डेभलपमेन्ट बैंक लि., भृकुटी डेभलपमेन्ट बैंक लि., पाथिभरा विकास बैंक लि. र प्रुडेन्सियल फाइनान्स कम्पनी लि. समेतको) साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि प्रस्तुत गर्नुभयो ।

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत प्रस्तावहरु, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेतमा छलफलकालागि आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

विभिन्न विषय उपर छलफलकालागि सभापतिबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भएको तथा श्री नरसिंहलाल चखुँ र चन्द्र नारायण श्रेष्ठले लिखित सुझाव पेश गर्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| १. | श्री टि. पुराहरण सी. पी. रामकृणन् | ११. | श्री दिव्यमणी राजभण्डारी |
| २. | श्री सुजित आचार्य | १२. | श्री योगेन्द्र बहादुर थापा |
| ३. | श्री व्यास कुमार शर्मा | १३. | श्री रोज कुमार श्रेष्ठ |
| ४. | श्री उद्धव प्रसाद घिमिरे | १४. | श्री राम गोपाल महर्जन |
| ५. | श्री अमृतनाथ रेग्मी | १५. | श्री बाबुराम भट्टराई |
| ६. | डा. श्री माधव कुमार श्रेष्ठ | १६. | श्री कृष्ण प्रसाद अधिकारी |
| ७. | श्री मेजर कुवेर श्रेष्ठ | १७ | श्री नारायण सुन्दर श्रेष्ठ |
| ८. | श्री ठाकूर प्रसाद कोइराला | १८. | श्री लोकनाथ भुसाल |
| ९. | श्री डम्वरु वल्लभ घिमिरे | | |
| १०. | श्री शिव प्रसाद शर्मा | | |

९. **शेयरधनीहरूबाट ब्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

**श्री टि. पुराहरण सी. पी. रामकृण्णन्** : Good morning to all. We are amongst the Promoters of NMB since its inauguration in 1996. Now Bank has grown satisfactorily in terms of size and strength. We have good team of Directors and employees. We want to thank management, team of merger committee and shareholders for their support in reaching at this stage. In Malayasia so many Nepalese people are working. They are very nice people. We invest in Nepal due to this reason as well. We, as Promoters will do all we can to promote Nepal/Malaysia business. Best wishes to all. Thank you.

**श्री सुजित आचार्य** : एनएमबि बैंक देशको नम्बर एक बैंक हुन्छ भन्ने कुरामा कुनै शंका छैन् । पवन सरको नेतृत्वमा बैंकले सफलता प्राप्त गर्नेछ । सोका लागि हामी सहयोग गर्न तयार छौं । एफएमओको शेयर



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

स्वामित्व २० प्रतिशत पुऱ्याउन नेपाल राष्ट्र बैंकले निर्देशन दिएको र प्रस्तावको बुंदामा पनि सो कुरा उल्लेख भएको छ । एउटा शेयरहोल्डरको लगानी बढाउन अर्कोको अधिकार कुटौती गर्न मिल्दैन । म यसमा भिन्न मत राख्न चाहन्छु र अन्य शेयरधनीहरुलाई समेत भिन्न मत राख्न अनुरोध गर्दछु । धन्यवाद ।

**श्री व्यास कुमार शर्मा** : मर्जरको ज्यादै राम्रो निर्णय भएको छ, यसका लागि उच्च व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । बैंकको वित्तीय विवरणहरु सकारात्मक रहेका छन् । आषाढ मसान्तको नाफा सबैलाई वितरण गर्दा प्राविधिक र कानूनी रुपमा ठिक नहोला । तर पनि रिजर्भमा रहेको रकम वितरण गर्न बाँकी रहेकोले त्यति चिन्ता नहोला । तर सभामा नै अर्को बर्ष ३० देखि ४० प्रतिशत लाभांश वितरण गर्ने आश्वासन आएमा सन्तोष हुने थियो । मर्जर पछिको व्यवस्थापन राम्रो भएको छ । सोका लागि प्रमुख कार्यकारी अधिकृत श्री उपेन्द्र पौडेललाई धन्यवाद दिन चाहन्छु । बिषेश प्रस्तावमा ज्यादै कठोर भएर हुँदैन् । यसले विदेशी लगानी जान सक्छ । यो कुरामा Negative हुनु हुँदैन् । मुल्य २५० मात्र हो भने पुर्नविचार गर्नुपर्छ । सहायक कम्पनीहरुले पनि प्रगति गरेको देखिन्छ । मर्जर पछि विभिन्न Vested interest group हरु संचालक समितिमा प्रवेश गर्न सक्छन् जसले बैंक विगार्न सक्छ उक्त कुराका साथै Asset Quality मा समेत ध्यान जाओस । धन्यवाद ।

**श्री उद्धव प्रसाद घिमिरे :** लगानीकर्ताहरुले पाउनु पर्ने प्रतिफल हो तर सो रकम रिजर्भमा गएको छ । त्यसैले प्रतिफलमा कमी भएको छ । अध्यक्षज्यूको प्रतिवेदनमा भुकम्पका सम्बन्धमा केही पनि आएन् । संचालक समितिको भत्ता बढाउनु भएन, जाडोको समयमा १० बजे नै साधारण सभा सुरु गर्नु भएन्, साधारण सभा काठमाडौंमा नै गर्नुपर्छ, सि.डि. रेसियो सन्तुलनमा लानुपर्छ, बैंकको Letter of Credit को व्यवसाय बढेको छ यसमा भुकम्प र नाकाबन्दीको असर देखिन सक्छ सचेत हुनु पर्दछ, Interest Spreed अझ सन्तुलनमा ल्याउनु पर्छ, other asset मा पनि सन्तुलन हुनु पर्छ । कम्पनीको प्रगति होस् । धन्यवाद ।

**श्री अमृतनाथ रेग्मी** : वाणिज्य बैंकहरुसंग यस बैंकलाई तुलना गर्दा हामी बीचको समुहमा रहेका छौं । अहिलेको समुहमा हामी राम्रो छौं । तर १ अर्वको नाफा गर्ने बैंकहरुको समुहमा जाने हो भने ती बैंकहरुका केही Nature लाई समेत Adopt गर्नुपर्छ । हामीले General Reserve बढाउनु पर्छ र Foreign Exchange को Reserve लाई कसरी बृद्धि गर्ने भन्ने कुरामा ध्यान दिनु पर्दछ । Overhead Expense Total Income को ३० प्रतिशत भन्दा बढी हुनु हुँदैन् । Total Interest Income को Ratio ५० प्रतिशत भन्दा माथि हुनु पर्नेमा कम छ । Base Rate ५ प्रतिशतको हाराहारीमा ल्याउनु पर्छ । Cost of Fund २/३ प्रतिशतमा ल्याउनु पर्दछ । संचालक र Organization Structure मा परिवर्तन गर्नु पर्दछ । एफएमओलाई संस्थापक समुहबाट शेयर दिए हुन्छ । यसमा सर्वसाधारण शेयरधनीहरुले बोलिरहनु पर्दैन । तर उसले नेपालमा गर्ने लगानी बैंक मार्फत गर्ने प्रतिवद्धता लिनु पर्दछ । कर्मचारीहरुको तालिममा खर्च गर्नु पर्दछ । यो Knowledge ले मात्र Top – 5 मा आईदैन । सूचनामा उल्लेख भएको भन्दा आधा घण्टा ढिलो सभा सुरु भएको छ, साधारण सभा समक्ष माफी माग्ने प्रचलन बसाउनु पर्दछ । धन्यवाद ।

**श्री डा. माधव कुमार श्रेष्ठ** : दफा ७६(१) वमोजिम समयमा साधारण सभा भएकोमा धन्यवाद । बैंकहरुको Rating मा यो बैंक ७ औ नम्बरमा परेको रहेछ सोको लागि धन्यवाद । ८ प्रतिशत बोनस शेयर दिएको रहेछ, यो शेयरधनीहरुका लागि राम्रो हो । प्रमुख सुचकांक दिंदा राष्ट्रिय र अन्तराष्ट्रिय Standard पनि हेरीदिए राम्रो हुन्छ । भोली के गर्ने भन्ने कुरा शेयरधनीहरुको लागि महत्वपूर्ण भएकाले Dividend Plan पेश गर्नु पऱ्यो । संचालक र कर्मचारी Motivate भएमा बैंकले राम्रो गर्छ । शेयरधनीको भिजन Millionaire बन्ने हुन्छ त्यसका लागि Board of Directors सक्षम हुनु पर्दछ । VIP Shareholders ले पनि पर्याप्त अध्ययन गर्नु पर्दछ । धन्यवाद ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

**श्री मेजर कुवेर श्रेष्ठ** : एफएमओलाई संस्थापक शेयरबाटै २० प्रतिशत दिनुहोस् । मलेसियनले पनि मागेमा दिने कि नदिने ? स्पष्ट पार्नु पऱ्यो । मर्जर पछि राम्रो भयो भन्नु भएको छ । २ बर्ष पछि Cultural Difference भयो राम्ररी लैजान सकिएन भन्नु भयो भने के गर्ने , एनएमबि क्यापिटलमा Command of Control राम्रो छैन् । एकपटक अध्यक्षज्यू आफै गएर हेर्नु पऱ्यो । बैंकले Customer Friendly वातावरण बनाउनु पर्छ । शेयरधनीहरुको सुझावलाई ध्यान दिनुहोस् । अर्को बर्ष २० देखि २५ प्रतिशत नाफा दिने विश्वास दिलाउनुहोस् । अन्य संस्थाले जस्तै एनएमबि फाउण्डेसन खोलेर सामाजिक कार्य गर्नु उत्तम हुन्छ । CSR Budget Public लाई पनि थाहा होस अर्को बर्ष काठमाडौंमै साधारण सभा गर्नु होस् । धन्यवाद ।

**श्री ठाकुर प्रसाद कोईराला:** पंचतत्वले बनेको शरिर जस्तै ५ वटा संस्था मिलेर ठूलो बैंक बनेको छ । यसले राम्रो गर्दछ भन्ने विश्वास लिन्छु । जग्गा किनेको कुरा राम्रै छ । प्रादेशिक सदरमुकामहरुमा समेत अहिले नै सस्तोमा जग्गा किनेर राख्दा राम्रो हुन्छ । मलेसियामा प्रतिनिधि कार्यालय स्थापना, Priority Banking जस्ता राम्रा कामहरु भएका छन् । चालु आ.व. को प्रगति पनि राम्रै छ । अन्य ४ वटा संस्थाहरुको वित्तीय विवरण पनि राम्रै छ । साभारण सभाको Venue मन परेन, बैंठक भत्तामा पुनः विचार गर्दा राम्रो हुन्छ । कर्मचारीहरुलाई तालिम दिने कुरामा ध्यान दिनुहोस । प्रवन्धपत्र तथा नियमावलीको संशोधनमा सहमति जनाउँदछु । धन्यवाद ।

**श्री डमरु बल्लभ घिमिरे** : साधारण सभा ढिलो भएको कारण भन्नु भएन । कसको कम्जोरीले गर्दा हो भन्नु पऱ्यो । एनएमबि फाइनान्स कम्पनीमा हुँदा १ नं. मा थियो तर बैंक भएपछि आज सम्म सन्तोषप्रद लाभांस दिएको छैन । एनएमबि क्यापिटलबाट म पनि पिडित छु । यो बैठक भत्ता बृद्धि गर्ने समय होइन् । शेयरधनीलाई ८ प्रतिशतमात्र लाभांश दिने अनि बैंठक भत्ता बृद्धिको प्रस्ताव ल्याउने । अर्को बर्ष लिएर आउनु होस् । सर्वसाधारणबाट निर्वाचित संचालकले सर्वसाधारण शेयरधनीहरुको कुरामा ध्यान दिनु पऱ्यो । एफएमओलाई शेयर दिने कुरा प्रष्ट पार्नु पऱ्यो । बढाबढ गरेर एफएमओलाई शेयर दिदा राम्रो हुन्छ । बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

**श्री शिव प्रसाद शर्मा** : ५ बटा बैंक मर्ज भएर ५ अर्ब नाघेको र ८ अर्ब पुऱ्याउनका लागि ८ प्रतिशत बोनस शेयर समेत प्रदान गर्नु भएकोमा धन्यवाद । साधारण सभा ढिलो भएकाले मर्जर पछिका सबै शेयरधनीहरुलाई लाभांस वितरण गर्नु परेको कारण लाभांस कम भएको जस्तो लाग्छ । काठमाडौं छाडेर ललितपुरमा साधारण सभा गर्नु भएन् । गैह्र बैकिङ्ग सम्पत्ति राखिराख्न भएन्, चाँडै बिक्री गर्नु पऱ्यो । संस्था माथि जाने योजना देखिएन, ल्याउनु पऱ्यो । साना ठूला नभनी सबै शेयरधनीहरुको सम्मान गर्नु पऱ्यो । कुन शाखाले कति नाफा गरेको छ । काम गरेको छ छैन हेर्नु पऱ्यो । कर्मचारीलाई तालीम राम्ररी दिनु पऱ्यो । त्यसले संस्थालाई माथि लैजान्छ । एनएमबि क्यापिटलमा समस्या छ, सुधार गर्नु पऱ्यो । धन्यवाद ।

**श्री दिब्यमणी राजभण्डारी** : ब्यवस्थापन तथा सञ्चालक समितिका साथीहरुलाई केही सल्लाह दिन चाहन्छु । शेयरधनीहरुलाई चिया बाड्दा पनि दरिद्रता देखियो । शेयरधनीहरुलाई विचार पुऱ्याई दिनु पऱ्यो । शेयरधनीहरुले पनि अन्यले बोल्दा सुनिदिनु पऱ्यो, आफुमात्र बोल्ने होइन । बोल्दा होसियारी साथ बोल्नु पऱ्यो । शेयरधनीहरुले सभा बाहेकका समयमा पनि व्यवस्थापनलाई सल्लाह दिन सक्नु हुन्छ र व्यवस्थापनले पनि शेयरधनीहरुको सल्लाह लिनु पर्दछ । एफएमओको कुरा बाध्यात्मक हो तर रकम खुलाएको भए हुने थियो । अन्य संस्थापकहरुको पनि लगानी गर्ने प्रतिवद्धता छ कि छैन् ? शेयरधनीहरुलाई उचालेर मात्र हुदैन् । एफएमओको सवालमा नेपालमा गर्ने लगानी यस बैंकसंग मिलेर गर्ने Commitment हुनु पर्दछ । मर्जरमा अध्यक्षहरु बाहेक अन्यको पनि भुमिका थियो । सबैलाई समेटनु पर्दछ । सञ्चालक समितिमा निर्विरोध निर्वाचन भई सकेको रहेछ । एनएमबि कै वर्चस्व देखियो । सबैलाई समेटेको भए राम्रो हुने थियो । एनएमबि



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

क्यापिटलका निकै धेरै गुनासाहरु आएका छन्, यस्ता गुनासाहरु तर्फ ध्यान दिनु पर्दछ । कम्पनीलाई ठूलो बनाउनु भएकोमा बैंकका अध्यक्ष, सञ्चालहरु र अन्य संस्थाका अध्यक्ष सञ्चालकहरु तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**श्री योगेन्द्र बहादुर थापा** : सानो संस्था स्थापना गरेर एनएमबि बैंकमा मर्ज गर्न गराउन सफल भएका छौं । ठूलो र सानो संस्थाको साधारण सभामा मैले फरक के पाए भने यहाँ बढि तातिदो रहेछ । हामी कहाँ संयमपूर्वक कुरा राख्ने परम्परा थियो । यहां जे भने पनि हुंदो रहेछ । व्यवस्थापनले ऐन र कानूनसंग नबाझीने गरि काम गर्नु हुनेछ । जग्गा खरिद गरेको कुरा राम्रो छ । शेयरधनीहरुले संयमताकासाथ कुरा राख्नु पर्दछ र सञ्चालक समितिले पनि यसरी राखिएका कुराहरुलाई गम्भिरता पुर्वक लिनु पर्दछ । निर्विरोध निर्वाचन भई सकेपछि त्यसमा अब कुरा उठाउनु हुँदैन् । बैंकले अहिले Technically ८ प्रतिशत लाभांश दिएको छ । आगामी दिनमा रिजर्भबाट समेत नाफा दिनेछ । यो निर्वाचित सञ्चालक समितिले राम्रो काम गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै विदा लिन्छु । धन्यवाद ।

**श्री रोज कुमार श्रेष्ठ** : बैंकले गरेको चालु आ.व. को प्रगति हेर्दा गर्व लागेको छ । तथापी बार्षिक प्रतिवेदनमा एनएमबि क्यापिटलले २३ प्रतिशत बृद्धि गरेको उल्लेख छ जुन आंकडा गत वर्षको भएकोले झुक्किएर पर्न गएको देखिन्छ । सोलार कर्जामा आधार व्याजदर भन्दा कममा व्याजदर उल्लेख भएको छ । के भएको हो भन्नु पर्‍यो । व्याजदर अन्तर ४.११ र समिक्षा बर्षमा ४.१९ देखिन्छ, नेपाल राष्ट्र बैंकले ५ प्रतिशत सम्मको सुविधा दिएको अवस्थामा राम्ररी सदुपयोग गर्नु पर्दछ । ५ बर्षको सुचकांकमा गल्ती छ, सुधार गर्नु पर्दछ । एफएमओको वारेमा व्यापक छलफल भएर मात्र मुल्य तोकियोस् । नयाँ भवन बनाएपछि पुरानो भवन के गर्ने हो उल्लेख गरेको भए राम्रो हुने थियो । असोजमा गाभिएका संस्थाका शेयरधनीहरुले आषाढको नाफा कसरी खान सक्छन ? यसो गर्दा उनिहरुले २ पटक नाफा खाने देखिन्छ । यो कुरा प्रष्ट पारिदिनुपर्‍यो । प्रस्तावित तीन महलेमा संचालक तथा कार्यकारी प्रमुखको कार्यकाल तोक्नुको सट्टा प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम भन्ने वाक्यांश राख्न सुझाव दिन्छु । धन्यवाद ।

**श्री राम गोपाल महर्जन** : बैंकले मर्जर पछि आफ्नो नाम कायम राख्न सक्षम भएको, ८ प्रतिशत नाफा तथा खुद मुनाफा बढाउन सफल भएकोमा धन्यवाद । बैंकको शाखाहरुमा जे गर्न पनि मुख्य कार्यालयमा सोध्नुपर्छ भन्ने प्रवृती छ, सोमा सुधार गर्नुपछ । Software राम्रो खरिद गर्न सुझाव दिन्छु । मनोरञ्जन खर्च तथा विज्ञापनमा खर्च बढाउनु भन्दा कर्मचारी तालिममा खर्च बढाउनु पर्दछ । काठमाडौंमा पार्किङ्गको अभाव रहेको छ तसर्थ साधारण सभा पाटनमा गर्दा नै सजिलो हुन्छ । बैंकको प्रगति होस्, सफलताको कामना गर्दछु । धन्यवाद ।

**श्री बाबुराम भट्टराई** : ठूलो बैंकभएपछि कस्तो हुदो रहेछ भनेर हेर्न आएको, हामीकहाँ अन्तिम सम्म हल भरि हुन्थ्यो यहाँ हुँदो रहेनछ । हामीकहाँ राम्रो कुरा गर्दा ताली बज्थ्यो, यहाँ उत्तेजित कुरा गर्दा ताली बज्दो रहेछ । लाभांस हामी भृकुटी बैंकका शेयरधनीले पनि २५ प्रतिशतसम्म खाने हैसियत थियो । यहाँ २ पटक लाभांश खाएको कुरा उठेकाले भनेको हुँ । विभिन्न Culture बाट आएका कर्मचारीहरुको व्यवस्थापन राम्ररी गर्नुहोस् । भत्ताको कुरा यति बढाउनु कुनै ठूलो कुरा होइन्, काम राम्ररी गर्नुहोस् । एफएमओको कुरा एनएमबिको लागि Opportunity पनि हो र नेपाल राष्ट्र बैंकको वाध्यात्मक व्यवस्था पनि हो । धन्यवाद ।

**श्री कृष्ण प्रसाद अधिकारी** : नौ जना सञ्चालक हुनु हुँदो रहेछ सबैको बुद्धि लगाएर जानुहोस् । बैंक ठूलो भएको छ, SME Hub ,Retail Hub आदिका कुरा राम्रो लाग्यो । सञ्चालकहरुको भत्ता अहिले नै बढाउन उपयूक्त हुँदैन । अर्को बर्ष कति लाभांश दिन सक्नु हुन्छ भन्नु होस् । धन्यवाद ।



NMB BANK LIMITED

**श्री नारायण सुन्दर श्रेष्ठ** : सबैले आ-आफ्नो कुरा राखेर जानु भएको छ । त्यसमा नपरेको कुरा र आफुलाई चित्त नबुझेको कुरा भन्न चाहन्छु । साधारण सभा तोकिएको ठाउँ ठिक छ । साधारण सभा कहाँ गर्ने भन्ने कम्पनीको कुरा हो । उपत्यका भित्र जहाँ पनि गर्न सकिन्छ । साधारण सभामा शेयरधनीहरुले गरेको लगानीको प्रतिफल पायो कि पाएन भन्ने कुरा छलफल हुनु पर्दछ । Book Close भएको समयमा कायम शेयरधनीहरुले लाभांस पाउने भएकोले अन्य संस्थाका शेयरधनीहरुले पाउँदैन भन्नु हुदैन । बैंकसंग १० प्रतिशत पनि Fee of Cost निक्षेप छैन, यसले Income Source बृद्धि गर्दैन । सबै System लाई हेर्ने हो भने Competetion मा जानको लागि सुधार गर्नु पर्ने देखिन्छ । Subsidary Company भित्र नकारात्मक कुरा आएका छ । यो नियमक निकायको कमजोरी तथा Manpower को कमीले भएको हो । तत्काल व्यवस्थापनले Manpower को कमीलाई हेर्नु पर्‍यो भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद ।

**श्री लोकनाथ भुसाल** : हामी ५ वटा संस्था मर्ज भएर २०२० भित्रै ठूला ५ बैंक भित्र आउने विश्वास लिएका छौं । स- साना Mistake लाई उठाएर जानु हुँदैन् । गहिरिएर अध्ययन गर्नुपछ । एफएमओको कुरा उठेको छ । यस्तो अन्तर्राष्ट्रिय संस्था बैंकसंग गासिएको अवस्थामा हाम्रो भविष्य राम्रो हुन्छ । यस्था संस्थालाई ल्याउनु पर्दछ । यसलाई हामी शेयरधनीहरुको समर्थन छ । संचालक समितिले भोली आउने समस्यालाई हेरेर नेपाल राष्ट्र बैंकले पुँजी बृद्धिको निर्देशन दिनु अघि नै मर्जर प्रकृया शुरु गरेको देखिन्छ । यसरी हेर्दा सञ्चालक समिति चिन्तनशिल छ र मिहेनत गरेको छ भन्ने देखिन्छ । त्यस कारण पनि उसको एजेण्डालाई परिवर्तन गर्न हुँदैन् । भत्ताको कुरा ठूलो होईन् । धन्यवाद ।

**श्री नरसिंह लाल चखुँ** : उहाँले साधारण सभामा लिखित सुझाव पेश गर्दै बैंकको Balance sheet राम्रो रहेको, जगेडा कोष, निक्षेप, लगानी र कर्जा सापटमा, खुद ब्याज आम्दानीमा बृद्धि भएको, Forex Management मा प्रगति भएको, EPS मा सुधार भएको मर्जर पछि बैंकको वित्तीय शक्ति एवं वित्तीय सशक्तिकरणमा बृद्धि भएकोले अब नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी बृद्धि गर्नु पर्ने धारणा राख्दै ८ प्रतिशत बोनस शेयरका लागि सबै पक्षलाई धन्यवाद दिनु भयो । उहाँले Write Back सुधार गर्नुपर्ने देखिएको, अन्य सम्पत्ति अन्तर्गत उठाउनु पर्ने हिसावको Ratio मा बृद्धि भएकोले यसलाई उठाउनु पर्ने, खुद ब्याज आम्दानी घटेकोले सोमा सुधार गर्नु पर्ने, ROA, ROI मा अझै सुधार गर्नु पर्ने, प्रत्येक प्रदेशमा क्षेत्रिय कार्यालय खोल्नु पर्ने, पर्यटन, शिक्षा, Hospitality sector, स्वास्थ्य एवं Hydro Sector मा अझै लगानी प्रवर्द्धन गर्नु पर्ने लगायतका विभिन्न सुझावहरु दिनु भयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ :** उहाँले साधारण सभामा लिखित सुझाव पेश गर्दै मर्जर गरी Capital Plan बमोजिम ठूलो पूँजी भएको बैंकमा रुपान्तरण गरेकोमा तथा ८ प्रतिशत बोनस शेयर वितरण गरेकोमा धन्यवाद दिनु भयो । उहाँले संचालक समितिको सदस्यहरुको बैंठक भत्ता आगामि बर्ष प्रतिफल ३० प्रतिशत भन्दा बढि दिन सक्ने अवस्थामा मात्र बढाउन मनाससिव लगायतका विभिन्न सुझाव दिदै बर्षमा उत्साहप्रद परिमाणको प्रशंसा गर्नु भयो ।

**१०. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले दिनु भएको जवाफ :**

- सर्वप्रथम, साधारणसभामा सामेल हुनुभएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
- उहाँले २० बर्ष अघि फाइनान्स हुँदा पनि उत्कृष्ट थियौं अहिले आएर सफल तथा ऐतिहासिक मर्जर सम्पन्न भएको छ । पुर्वाञ्चल तथा पश्चिमाञ्चलका राम्रा बैंकहरु भृकुटी डेभलपमेन्ट बैंक लि. र पाथिभरा विकास



एनएमबि बैंक लिमिटेड

बैंक लि., इनर्जी सेक्टरमा राम्रो क्लिन इनर्जी डेभलपमेन्ट बैंक र Capital Adequacy लाई टेवा पुऱ्याउने हिसावले राम्रो प्रुडेन्सियल फाइनान्स कम्पनी लि. संग मर्जर भएको छ । मर्जर पछि खासै समस्या पनि छैन् । हाम्रो भिजन बमोजिम बैंकले राम्रो गरि रहेको छ ।

- चालु आ.व. मा बैंकको प्रगति राम्रो रहेको छ । पुष महिनामा मात्र बैंकले ११ करोड नाफा गर्न सक्षम भएको छ ।
- एफएमओको शेयर स्वामित्व २० प्रतिशत पुऱ्याउने कुरा नेपाल राष्ट्र बैंकले तोकेको शर्त हो । बैंकलाई अघि बढाउन पनि यो महत्वपूर्ण रहेको छ । एफएमओको २० प्रतिशतको प्रतिवद्धता Final Stage मा छ, यसले तपाईको बैंकलाई धेरै बलियो बनाउने छ । बैंकको नाफा र एफएमओको लगानीबाटै बैंकको पूँजी ८ अर्ब पुग्ने विश्वास दिलाउन चाहन्छु ।
- एफएमओलाई संस्थापक समूहमा पर्ने गरि नयाँ शेयर जारी गरिने हो ।
- २०२० भित्र हामी यस बैंकलाई Top- 5 बैंक बनाउने छौं ।
- बैंकले मुख्य कार्यालय बनाउने प्रयोजनका लागि कमलादीमा ८० आना जग्गा खरिद गरेको छ ।
- एनएमबि क्यापिटलमा समस्या रहेको कुरा आएको छ । म आफै निरिक्षण गरेर समस्या समाधानको प्रयास गर्नेछु ।
- यहाँहरुबाट प्राप्त सुझावहरु हामिले टिपेका छौं । सोमा ध्यान दिनेछौ । हामी अब विद्युतिय माध्यमबाट नै शेयरधनीहरुको सुझाव सल्लाह लिने व्यवस्था मिलाउने छौं ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न राखिएको देहायका सवै प्रस्तावहरु सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट पारित गरियो ।

(क) **सामान्य प्रस्तावतर्फ :**

(१) बीसौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको सञ्चालक समितिको बार्षिक प्रतिवेदन २०७१/७२ मा छलफल गरी सभाले पारित गर्ने निर्णय भयो ।

(२) बैंकको आ.व.२०७१/७२ को आर्थिक कारोवारको लेखापरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नकालागि उन्नाइसौं बार्षिक साधारणसभाबाट नियुक्त लेखापरीक्षक श्री टि.आर. उपाध्या एण्ड कम्पनीले सभा समक्ष प्रस्तुत गर्नु भएको लेखापरीक्षण प्रतिवेदन र सो साथ संलग्न वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरणसमेत पारित गर्ने निर्णय भयो ।

(३) बैंकको आ.व.२०७२/७३ को लेखापरीक्षण गरी आगामी २१ औं वार्षिक साधारण सभामा प्रतिवेदन पेश गर्नकालागि लेखापरीक्षक टि.आर.उपाध्या एण्ड कम्पनीलाई बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने र सो बापत निजलाई अधिकतम रू.१०,००,०००/- (अग्रिम आयकर कट्टा हुनेमा कट्टा गरी र मूल्य अभिबृद्धि कर लाग्नेमा सो थप गरी) पारिश्रमिक प्रदान गर्ने तथा अन्य शुल्क तथा शर्तहरु लेखापरिक्षण समितिले तोके बमोजिम हुने निर्णय गरियो । साधारण सभाले तोकेको पारिश्रमिकमा उक्त फर्मले लेखापरिक्षण गर्न नमानेमा अर्को लेखा परिक्षक नियूक्त गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(४) साबिक क्लिन इनर्जी डेभलपमेन्ट बैंक लि. को सञ्चालक समितिले २०७२ श्रावण १ देखि २०७२ असोज मसान्तसम्मको लेखापरिक्षण गर्न श्री RPB And Associates Chartere Accountants लाई रु. ५ लाख पारिश्रमिक दिने गरि नियुक्त गरेकोमा सम्मानित सर्बोच्च अदालतले आईक्यानको न्यूनतम लेखापरिक्षण शूल्क सम्बन्धि निर्णय हाललाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको र तीन महिनाको मात्र लेखापरिक्षण गर्नुपर्ने भएकोले बैंकको मिति २०७२ पौष २८ मा बसेको लेखापरिक्षण समितिको बैठकले रु. १ लाख ५० हजार शुल्क निर्धारण गरेकोमा निजबाट सो निर्णय अस्वीकार गरी पत्र पठाएकोले निजको नियुक्ती सदर गर्न वा अर्को फर्म श्री RKS and Associates Chartered Accountants लाई रु. १ लाख ५० हजारमा नियूक्त गर्न लेखापरिक्षण समितिबाट सभा समक्ष सिफारिश भएकोमा सभाले पुरानो नियुक्तीलाई सदर नगरि नयाँ फर्म श्री RKS and Associates Chartered Accountants लाई रु. १ लाख ५० हजार (अग्रिम आयकर कट्टा हुनेमा कट्टा गरी र मूल्य अभिबृद्धि कर लाग्नेमा सो थप गरी) पारिश्रमक दिने गरि नियूक्त गर्ने र अन्य शुल्क तथा शर्तहरु लेखापरिक्षण समितिले तोके बमोजिम हुने सर्वसम्मत निर्णय गरियो ।

साविक भृकुटी डेभलपमेन्ट बैंक लि. को सञ्चालक समितिले २०७२ श्रावण १ देखि २०७२ असोज मसान्तसम्मको लेखापरिक्षण गर्नका लागि श्री **RKS And Associates Chartered Accountants** लाई रु ५ लाखमा नियुक्त गरेकोमा सम्मानित सर्बोच्च अदालतले आईक्यानको न्यूनतम लेखापरिक्षण शूल्क सम्बन्धि निर्णय हाललाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको र तीन महिनाको मात्र लेखापरिक्षण गर्नुपर्ने भएकोले बैंकको मिति २०७२ पौष २८ मा बसेको लेखापरिक्षण समितिको बैठकले रु. १ लाख ५० हजार शुल्क निर्धारण गरेकोले सोही शूल्कमा निजको नियुक्ती सदर गर्न लेखापरिक्षण समितिबाट सभा समक्ष सिफारिश भए बमोजिम निजको नियुक्ती सदर गर्ने र सो बापत निजलाई रू.१लाख ५० हजार (अग्रिम आयकर कट्टा हुनेमा कट्टा गरी र मूल्य अभिबृद्धि कर लाग्नेमा सो थप गरी) पारिश्रमिक प्रदान गर्ने तथा अन्य शुल्क तथा शर्तहरु लेखापरिक्षण समितिले तोके बमोजिम हुने निर्णय गरियो ।।

साविक पाथिभरा विकास बैंक लि. को सञ्चालक समितिले २०७२ श्रावण १ देखि २०७२ असोज मसान्तसम्मको लेखापरिण गर्न श्री बिदुर लुईटेल, चार्टड एकाउन्टेन्ट लाई रु. ३ लाख पारिश्रमिक दिने गरि नियुक्त गरेकोमा सम्मानित सर्बोच्च अदालतले आईक्यानको न्यूनतम लेखापरिक्षण शूल्क सम्बन्धि निर्णय हाललाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको र तीन महिनाको मात्र लेखापरिक्षण गर्नुपर्ने भएकोले बैंकको मिति २०७२ पौष २८ मा बसेको लेखापरिक्षण समितिको बैठकले रु. १ लाख २५ हजार शुल्क निर्धारण गरेकोमा निजबाट सो निर्णय अस्वीकार गरी पत्र पठाएकोले निजको नियुक्ती सदर गर्ने वा अर्को फर्म श्री RKS and Associates Chartered Accountants लाई रु. १ लाख २५ हजार पारिश्रमिक दिई नियूक्त गर्न लेखापरिक्षण समितिबाट सभा समक्ष सिफारिश भएकोमा सभाले पुरानो नियुक्तीलाई सदर नगरि नयाँ फर्म श्री RKS and Associates Chartered Accountants लाई रु. १लाख २५ हजार पारिश्रमिक दिने गरि नियूक्त गर्ने तथा अन्य शुल्क तथा शर्तहरु लेखापरिक्षण समितिले तोके बमोजिम हुने निर्णय गरियो ।

साबिक प्रुडेन्सियल फाइनान्स कम्पनी लि. को २०७२ श्रावण १ देखि २०७२ असोज मसान्तसम्म को लेखापरिण गर्न श्री M. Khanal and Company Chartered Accountants लाई रु १लाख



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

पारिश्रमिक दिने गरि नियूक्त गर्ने गरि उक्त संस्थाको सञ्चालक समितिले गरेको निर्णयलाई सदर गर्ने तथा अन्य शुल्क तथा शर्तहरु लेखापरिक्षण समितिले तोके बमोजिम हुने निर्णय गरियो ।

(५) सञ्चालक समितिबाट पारित भए बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ (शुन्य दशमलव बयालीस प्रतिशत) का दरले नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्तावतर्फ :

१. बैंकको अधिकृत पुँजी रु.५,००,००,००,०००/- (अक्षेरेपि पाँच अरब मात्र) बाट बृद्धि गरी रु.८,००,००,००,०००/- (अक्षेरेपि आठ अरब मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै बैंकको प्रवन्धपत्रको दफा ६(क) मा "बैंकको अधिकृत पूँजी रु.५,००,००,००,०००।- (अक्षेरेपि पाँच अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ५,००,००,००० (पांच करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने हालको व्यवस्थालाई संशोधन गरी "बैंकको अधिकृत पूँजी रु.८,००,००,००,०००।- (अक्षेरेपि आठ अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ८,००,००,००० (आठ करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था गर्ने निर्णय गरियो ।

२. बैंकको बर्तमान चुक्ता पुँजीको ८ प्रतिशतको अनुपातमा वोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

३. बोनश शेयर जारी गरेको कारणले बैंकको वर्तमान जारी तथा चुक्ता पुँजीमा बृद्धि हुने भएकाले निम्न बमोजिम हुने गरि बैंकको प्रवन्धपत्रमा संशोधन गर्ने निर्णय गरियो ।

बैंकको प्रवन्धपत्रको दफा ६(ख) मा "बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.४,१५,४५,५९,३२०।- (अक्षेरेपि चार अरब पन्ध्र करोड पैतालीस लाख उनान्साठ्ठी हजार तीन सय बीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ४,१५,४५,५९३.२० (चार करोड पन्ध्र लाख पैतालीस हजार पाँच सय त्रीयानब्बे दशमलव बीस मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने हाल रहेको व्यवस्थालाई संशोधन गरी "बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.४,४८,६९,२४,०६५।६० (अक्षेरेपि चार अरब अड्चालीस करोड उनान्सत्तरी लाख चौबीस हजार पैसठ्ठी र पैसा साठ्ठी मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ४,४८,६९,२४०.६५ (चार करोड अड्चालीस लाख उनान्सत्तरी हजार दुई सय चालीस दशमलव पैसठ्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ" भन्ने व्यवस्था कायम गर्ने ।

बैंकको प्रवन्धपत्रको दफा ६(ख) मा "बैंकको तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.४,१५,४५,५९,३२०।- ( अक्षेरेपि चार अरब पन्ध्र करोड पैतालीस लाख उनान्साठ्ठी हजार तीन सय बीस मात्र) हुनेछ ।" भन्ने हालको व्यवस्थालाई संशोधन गरी "बैंकको तत्काल चुक्ता गर्न कबुल गरेको शेयर पूँजी रु.४,४८,६९,२४,०६५।६० (अक्षेरेपि चार अरब अड्चालीस करोड उनान्सत्तरी लाख चौबीस हजार पैसठ्ठी र पैसा साठ्ठी मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

४. नेपाल राष्ट्र बैंकबाट गाभ्ने/गाभिने अन्तिम स्वीकृति दिँदाका बखत तोके बमोजिम यस बैंकमा शेयर लगानी गर्ने विदेशी वित्तीय संस्था Nederlandse Financierings-Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO) ले बैंकको चुक्ता पुँजीको कम्तिमा २० प्रतिशत शेयर लगानी बृद्धि गर्नुपर्ने भएकाले उक्त संस्थाको शेयर स्वामित्व बृद्धि गर्नका लागि उक्त संस्थाको हकमा सञ्चालक समितिले तोके बमोजिमको परिमाणमा नयाँ शेयर निष्काशन ( Further Issue) गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

५. Nederlandse Financierings-Maatschappij Voor Ontwikkelingslanden N. V. (FMO) को हकमा नयाँ शेयर जारी गर्नका लागि मुल्य (प्रिमियम सहितको) तय गर्ने, उक्त संस्थाले लिने शेयरको परिमाण तय गर्ने तथा सोका लागि कुनै सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर गर्नुपर्ने भएमा त्यस्तो सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर गर्ने लगायत यस सम्बन्धमा जो जे गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

६. Nederlandse Financierings-Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO) को हकमा नयाँ शेयर निष्काशन (Further Issue) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पुँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने र नयाँ शेयर जारी भएमा बैंकको संस्थापक समूहको स्वामित्व प्रतिशत समेत बृद्धि हुने भएकाले सोही बमोजिम बृद्धि गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

७. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशन अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा संचालक र कार्यकारी प्रमुख लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने गरि सम्बन्धित संस्थाले आफ्नो नियमावलीमा संशोधन गर्नुपर्ने व्यवस्था भए बमोजिम सोही अनुसार नियमावलीमा संशोधन गरि नियमावलीको नियम ३० मा हाल रहेको "सञ्चालक पुनः नियूक्त हुन सक्ने वा नसक्ने: एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियूक्त हुन सक्नेछ" भन्ने व्यवस्थालाई संसोधन गरी "सञ्चालक पुनः नियूक्त हुन सक्ने वा नसक्ने : एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियूक्त हुन सक्नेछ । संचालकहरुको नियुक्ती/निर्वाचन पदावधि सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिने निर्देशन तथा प्रचलित कानुन बमोजिम हुनेछ" भन्ने व्यवस्था कायम गर्ने र नियमावलीको नियम ३६(३) मा हाल रहेको "कार्यकारी प्रमुखको पदावधि बढिमा चार बर्षको हुनेछ । निजको पुनर्नियूक्ति हुन सक्नेछ" भन्ने व्यवस्थाको सट्टामा "कार्यकारी प्रमुखको पदावधि चार बर्षको हुनेछ । निजको नियुक्ति/पदावधि सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिने निर्देशन तथा प्रचलित कानुन बमोजिम हुनेछ" भन्ने व्यवस्था कायम गर्ने निर्णय गरियो ।

८. सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने र सोही अनुसार नियमावलीमा संशोधन गर्नका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो साथै नियमावलीको नियम ३२ (१) (ख) मा हाल रहेको "सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकहरुले पाउने प्रति बैठक भत्ता क्रमशः १०,०००।- र ९,०००।- हुनेछ ।" भन्ने हालको व्यवस्थालाई संशोधन गरि "सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकहरुले पाउने प्रति बैठक भत्ता क्रमशः १३,०००।- र १२,०००।- हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने निर्णय गरियो ।

९. प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

(ग) **विविधः** विविध तर्फ छलफलको विषय नभएको ।

(घ) **निर्वाचन सम्बन्धमा :** मिति २०७२/१०/०८ गते साधारण सभाको सूचनामा प्रकाशित भए बमोजिम बैंकको संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या ५) र साधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या ३) को निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत श्री विमल प्रसाद ढकालद्वारा मिति २०७२/१०/२० मा निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित भए अनुसार देहाय बमोजिमका संस्थापक शेयरधनीहरुको तर्फबाट ५ जना तथा साधारण सेयरधनीहरुको तर्फबाट ३ जना निर्विरोध निर्वाचित भएको व्यहोरा सभामा घोषणा भयो ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

निर्वाचित उम्मेदवारहरुको नाम :

संस्थापक समूह तर्फबाटः

१. श्री पवन कुमार गोल्याण
२. श्री मनोज कुमार गोयल
३. श्री कर्मचारी संचय कोष (प्रतिनिधि श्री राजेन्द्र काफ्ले)
४. Nederlandse Financierings-Maatschappij voor Ontwikkelingslanden N.V. – the "FMO" representative Mr. NICO PIJL
५. श्री रोमणी प्रसाद पाठक

सर्बसाधारण समूह तर्फबाटः

१. श्री हरिश्चन्द्र सुवेदी
२. श्री कमलेश कुमार अग्रवाल
३ श्री हरिबाबु न्यौपाने

१२. धन्यवाद ज्ञापन :

नव निर्वाचित सदस्यहरुलाई बधाई दिदै आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, संस्थापक शेयरधनीहरू, कर्मचारी संचय कोषका प्रतिनिधि, एफएमओका प्रतिनिधि, यंग लियन रियल्टीका प्रतिनिधि, उपस्थित अन्य प्रतिनिधिहरू, पर्यवेक्षक लगायत उपस्थित पत्रकार मित्रहरू एवं अन्य उपस्थित सम्पूर्ण महानुभावहरुलाई समेत यस बैंकको वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. सभा विसर्जन :

आजको यस बीसौं वार्षिक साधारण सभामा समावेश भएका विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा प्राप्त भएपछि बैंकका सञ्चालक समतिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले दिनको ३ बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

-------------
(पवन कुमार गोल्याण )
अध्यक्ष

-------------
(प्रमोद कुमार दाहाल)
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड